# २५७०औँ बुद्धजयन्तीको शुभकामना !

२५७०औँ पवित्र बुद्ध जयन्तीको पावन अवसरमा हामी भगवान बुद्धको जीवन र शिक्षालाई श्रद्धापूर्वक सम्झन्छौँ। उहाँको ज्ञान, करूणा र शान्तिको सन्देशले दुई हजास पाँच सय वर्ष भन्दा बढी समयदेखि मानव सभ्यतालाई मार्गदर्शन गर्दै आएको छ। सिद्धार्थ गौतमको रूपमा जन्मनुभएका बुद्धको जन्मस्थल लुम्बिनी, नेपाल हो। राजकुमारको सुख सयलको जीवन त्यागेर उहाँले मानव जीवनमा रहेको दुःखको कारण खोज्नु भयो। गहिरो बोधद्वारा बोधि प्राप्त गर्नु भयो। शान्तिको मार्ग देखाउनु भयो। बुद्धको शिक्षाहरू धर्मको रूपमा परिचित छन्। जसमा Four Noble Truth & Noble Eightfold Path ले सही सोँच, सही आचरण र करूणामय जीवनतर्फ मार्गदर्शन गर्छ।

आजको संसारमा द्वन्द्व र अशान्ति बढिरहेको अवस्थामा बुद्धको सन्देश झन् सान्दर्भिक बनेको छ। मानवताले युद्ध होइन शान्ति, घृणा होइन करूणा र समझदारी खोजेको छ।

यसै सन्दर्भमा हालै संयुक्त राज्य अमेरिकामा एक प्रेरणादायी "शान्ति पदयात्रा" आयोजना भएको थियो। यस पदयात्रालाई Venerable Bhikkhu Pannakara जो Huong Tu Charity Foundation का संस्थापक र Dhammacetiya Project का प्रारम्भकर्ता पनि हुन्, ले संयोजन गर्नु भएको थियो।

यस यात्रामा १९ जना भिक्षुहरू सहभागी थिए। यो पदयात्रा Fort Worth Texas बाट सुरू भई Wshington D.C. मा १० फेब्रुअरी २०२६ मा सम्पन्न भयो। भिक्षुहरूको मुख्य साथीको रूपमा उद्धार गरिएको अलोका नामक कुकुर पनि थियो। यस यात्राले आन्तरिक शान्ति, ध्यान र करूणालाई प्रबर्द्धन गर्ने अध्यात्मिक समपर्णको रूपमा काम गर्यो। यो विशेष अवसरमा Buddhism Digital Library लाई धन्यवाद व्यक्त गर्न चाहन्छु। जसले २५७०औँ बुद्ध जयन्तीको पावन अवसरमा बौद्ध धर्म र बुद्धका शिक्षाहरूलाई डिजिटल प्रकाशनमार्फत विश्वभर फैलाउने महत्वपूर्ण कार्य गर्ने प्रयास गरेको छ।

२५७०औँ बुद्ध जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै, शान्ति र करूणाको सन्देश विश्वभर फैलियोस् भन्ने कामना गर्दछु। सबै प्राणी सुखी रहुन्। संसारमा शान्ति स्थापना होस्।



**मिलन गुरुङ**
Founder and Former Chair Person
Tourism Promoter Boston, USA (PABFONE)
Realtor (Re/Max Andrew Realty Services)